सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ उपदफा (३) बमोजिम सार्वजनिक गरिएको आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक विवरण

क. निकायको स्वरुप र प्रकृति : कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त गरी संचालित "ख" वर्गको राष्ट्रियस्तरको विकास बैंक ।

ख. निकायको काम, कर्तव्य र अधिकार : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण : हाल यस वित्तीय संस्थामा कार्यरत कर्मचारीको संख्या ८०४ रहेको छ । संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद यस संस्थाको वेबसाइट www.mahalaxmibank.com मा हेर्न सकिनेछ ।

घ. निकायबाट प्रदान गरिने सेवा : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गको विकास बैंकले दिनसक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेवसाइट www.mahalaxmibank.com मा उपलब्ध छ ।

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको दस्तुर संस्थाको वेवसाइट www.mahalaxmibank.com मा उपलब्ध छ ।

छ. निर्णय गर्ने प्रकृया र अधिकारी : संस्थाको बैकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्नसक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा निजले अख्तियारी प्रदान गरेको अधिकारी निर्णयकर्ताको रुपमा रहेको छ भने नीतिगत निर्णयहरु संचालक समितिबाट हुने गरेको छ ।

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी : ग्राहकको गुनासो तथा उजुरी सुन्नका लागि गुनासो सुनुवाई डेस्क स्थापना गरि निम्नानुसारका कर्मचारीहरुलाई गुनासो सुनुवाई अधिकारी तोकिएको छ ।

(क) इन्टिग्रेटिड मार्केटिङ्ग तथा कर्पोरेट कम्युनिकेशन विभाग प्रमुख श्री बसन्त बक्सी

झ. सम्पादन गरेको कामको विवरण : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका विकास बैंकले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरु सम्पादन भइरहेको छ ।

ञ. सूचना अधिकारीको नाम र पद : संस्थाको तर्फबाट आवश्यक सूचना प्रदान गर्न श्री अनुज आचार्य, सहायक प्रमुख कार्यकारी अधिकृतलाई सूचना अधिकारी तोकिएको छ ।

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु संस्थाले पालना गर्नुपर्ने हुन्छ भने वित्तीय कारोवारको लागी प्रमुख ऐन, नियम, विनियम र निर्देशिकाहरु देहाय बमोजिम रहेका छन् ।

१.	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३	२.	नेपाल राष्ट्र बैंक ऐन, २०५८
३.	बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८	४.	कम्पनी ऐन, २०६३
५.	बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४	६.	सम्पत्ति शुद्धिकरण (मनि लउन्डरिङ्ग) निबारण ऐन, २०६४
७.	धितोपत्र सम्बन्धी ऐन, २०६३	८.	सुरक्षित कारोबार ऐन, २०६३
९.	करार ऐन, २०५६	१०.	विनिमय अधिकार पत्र ऐन, २०३४
११.	विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९	१२.	उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३.	नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु		

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण : बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ साथै बैंकको वेबसाइट www.mahalaxmibank.com मा समेत त्यस्तो विवरण राखिएको छ ।

ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :

नाम : श्री दिपेश लम्साल

ठेगाना : महालक्ष्मी विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५३६८७१९

साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण : यस वित्तीय संस्थाले बैकिङ्ग कारोबार गर्दै आएको छ, विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण : https://www.mahalaxmibank.com

ग. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण : यस संस्थाले २०८३ साल असोज मसान्तको वित्तीय विवरण मिति २०८३/०७/१५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै बैंकको वेबसाइटमा समेत प्रकाशित गरेको छ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.